# भाग ४

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको सूचना

यस मन्त्रालयले आर्थिक प्रशासनसम्बन्धी नियमहरू, २०४२ को नियम २३ को उप-नियम १० बमोजिम श्री ५ को सरकारको ५० प्रतिशतभन्दा बढी पूंजी लगानी भएको कम्पनी वा फर्मलाई सोझै वार्ताद्वारा प्राविधिक सल्लाहकार नियुक्त गर्न सक्ने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०४४।१२।२६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव स्तर) का श्री प्रचण्डमान सिंह प्रधानलाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिव स्तर) को पदमा मिति २०४४।१२।१५ देखि लागू हुने गरी बढुवा गरी सञ्चार मन्त्रालयको रा. प. प्रथम श्रेणी (सह-सचिव स्तर) पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४४।१२।२६ को निर्णयानुसार नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।